
SAMRIDDHI FOUNDATION




# सूचना प्रविधि विधेयक

को

## समिक्षा

www.samriddhi.org

# सूचना प्रविधि विधेयक

को समिक्षा

**प्रकाशक**
समृद्धि फाउण्डेशन
६६४, भिमसेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाडौं, नेपाल
फोनः (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स्ः (९७७)-१-४४८-५३९१
ईमेलः info@samriddhi.org
वेबसाईटः www.samriddhi.org

**© समृद्धि फाउण्डेशन**
यस प्रकाशनको सम्पुर्ण अधिकार समृद्धि फाउण्डेशनमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन। यसको पुनःप्रकाशन वा पुनःप्रयो गको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ। यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यही नियम लागु हुनेछ।

# सुचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसाग सम्बन्धित सवालहरूको सम्बोधन

## १) पृष्ठभूमि

नेपाले बितेको लगभग एक दशकमा सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा ठूलो फड्को मारेको छ । इन्टरनेट सेवा प्रदायकको सङ्ख्यामा भएको वृद्धिका साथै इन्टरनेट प्रयोगकर्ताको सङ्ख्यामा आएको वृद्धिले सेवा र वस्तुउपर पहुँच वृद्धि गरेर आर्थिक वातावरण भने विचारको अभिव्यक्तिका लागि उपलब्ध मञ्चसम्मको पहुँचले सामाजिक राजनीतिक वातावरणको सहजीकरण गरेको छ। तर समग्रमा, सूचना तथा प्रविधिको वृत्तलाई नियमन गर्न नेपालसँग पर्याप्त कानूनी संरचनाको अभाव रहेको देखिन्छ। कागजी हिसाबमा, विद्युतीय कारोबार ऐनले इन्टरनेटमा हुने विनिमयलाई नियमन गर्ने तथा विद्युतीय माध्यमबाट यसको सहजीकरण गर्ने उद्देश्यका साथ लागू गरिएको भएता पनि केही वर्षपछि नै यो ऐनमा विद्युतीय कारोबारसँग सम्बन्धित प्रावधानहरू एकदमै कम रहेको प्रष्ट हुँदै आयो ।

अघिल्लो ऐनमा रहेको अपर्याप्तताको सन्दर्भमा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यी अपर्याप्ततालाई सम्बोधन गर्ने र सञ्चार तथा सूचना प्रविधिको बद्लिँदो वातावरण सुहाँउदो नयाँ प्रावधानहरू समेत समेट्ने अभिप्रायले एक विधेयक तयार पारेको छ ।

## १) परिचय

सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित कानूनलाई सोही क्षेत्रको विकासलाई सहज बनाउने, विद्युतीय हस्ताक्षरलाई कानूनी आधार प्रदान गर्ने र इन्टरनेटमा गरिने कारोबारलाई सहज बनाउने, र ज्ञात अज्ञात साइबर जोखिमहरूलाई न्यूनीकरण गर्ने उद्देश्यले लागू गरिन्छ । तर यसो गरिरहँदा, नीतिनिर्माता तथा व्यवस्थापिकाका सदस्यहरूले व्यापारलाई खुम्च्याउने, सरकारी निकायहरूलाई अथाह (तथा तजबिजीको) अधिकार दिने, नागरिक स्वतन्त्रता हनन् गर्ने र कुनै पनि प्रावधान व्याख्या तथा लागू गर्ने सम्बन्धमा अनिश्चिततालाई बल पुग्ने प्रकारको प्रावधानहरूको तर्जुमा गर्नु हुँदैन ।

कानूनहरू सरल र बुझ्न सकिने हुनुपर्दछ र सञ्चार तथा सूचना प्रविधि विधेयकको सन्दर्भमा यो विधेयक सरल र सजिलै बुझ्न सकिने छैन; यो विधेयकमा प्रशस्तै जटिल प्राविधिक शब्दावलीहरू छन् । यद्यपि, यी जटिल प्राविधिक शब्दावलीहरू कानून व्यवसायी र न्यायीक अंगहरूले सजिलै व्याख्या गर्न सक्ने गरी उपयुक्त ढंगबाट परि भाषित भएका छन् वा छैनन् र यस्ता परिभाषाहरू निर्दिष्ट छन् वा अस्पष्ट छन् भन्ने पक्ष प्रमुख हुन जान्छ ।

**कानूनहरू सरल र बुझ्न सकिने हुनुपर्दछ र सञ्चार तथा सूचना प्रविधि विधेयकको सन्दर्भमा यो विधेयक सरल र सजिलै बुझ्न सकिने छैन; यो विधेयकमा प्रशस्तै जटिल प्राविधिक शब्दावलीहरू छन् ।**

# ३) थप पुनरावलोकन आवश्यक पर्ने प्रावधानहरू

## ३.१) परिभाषा

| दफा | उप–दफा | खण्ड | प्रावधान |
|---|---|---|---|
| २ | | (ग) | उत्पत्तिकर्ता भन्नाले विद्युतीय अभिलेख उत्तन्न गर्ने, भण्डारण गर्ने वा सम्प्रेषण गर्ने व्यक्ति सम्झनु पर्दछ । |
| २ | | (ज) | डिजिटल हस्ताक्षर भन्नाले दफा १६को उप–दफा बमोजिमको हस्ताक्षर सम्झनु पर्नेछ । |
| २ | | (म) | सामाजिक सञ्जाल भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधसमेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित प्रणालीलाई सम्झनु पर्दछ । |

**यदि विद्युतीय माध्यमबाट सम्पन्न गरिने करारलाई वडा कार्यालयमा प्रमाणित गर्नु परेमा विधेयकले विद्यमान प्रावधानको प्रयोजन अर्थात व्यापार को सहजीकरण तथा करार सम्पन्न गर्दा लाग्ने समयको न्यूनीकरण र करार सम्पन्न गर्ने प्रक्रियाको सरलीकरण गर्ने प्रयोजन स्थापित हुन सक्दैन**

विधेयक अन्तर्गतको ‘उत्पत्तिकर्ता’को परिभाषाले सूचना उत्पन्न गर्ने, प्रसार गर्ने तथा भण्डारण गर्ने व्यक्तिलाई समेटेको छ । तर, मौलिक उत्पत्तिकर्ताको लागि यदि कुनै इन्टरनेट सेवा प्रदायकले कुनै पनि सूचना भण्डारण तथा प्रसार गरेमा यो परिभाषाले गर्दा समस्या पर्न सक्छ । साथै, यस परिभाषाले उत्पत्तिकर्ता तथा इन्टरनेट सेवा प्रदायक र साइबर क्याफे जस्ता मध्यवर्ती संस्थाबीचको भिन्नतालाई स्पष्ट पारेको छैन जसबाट भारत जस्ता अन्य देशमा लागू भए जस्तो आवश्कताअनुरूप यी भिन्न भिन्न समूहका लागि अपराधिक दायित्व सिर्जना तथा लागू गर्नबाट चुकेको देखिन्छ ।

यो विधेयक ‘डिजिटल’ र ‘विद्युतीय’ हस्ताक्षरबीचको भिन्नता पहिचान गर्नबाट चुकेको देखिन्छ – दफा २(ज) र अन्तरसम्बन्धित दफा १६ अनुसार दुवै हस्ताक्षरलाई समान रूपमा प्रस्तुत गरिएको छ । डिजिटल हस्ताक्षर कुनै पनि दस्तावेज असली हो वा होइन भने प्रमाणीकरण गर्ने साधन हो भने विद्युतीय हस्ताक्षर इन्टरनेटमा गरिने करारहरूमा हस्ताक्षर गर्नका लागि डिजिटल सर्टिफिकेट द्वारा सुरक्षित हुने हस्तलिखित हस्ताक्षरको विद्युतीय प्रति हो । यो विधेयकमा यी दुई हस्ताक्षरबीचको भिन्नतालाई परिभाषित गरेका पाइदैन । विद्युतीय हस्ताक्षरको अवधारणा भनेको डिजिटल हस्ताक्षरको अवधारणाबाट भिन्न रहेको हुन्छ र यसको प्रयोगलाई कानूनी आधारमा वैधता प्रदान गर्न सकिने हुन्छ । कुनै पनि करारलाई लागू गराउने सम्बन्धमा यदि विद्युतीय हस्ताक्षरको प्रयोग गरिँदा

कानूनी वैधानिकता एक पूर्वशर्त हुन आउँछ भने यी दुईबीचको भिन्नता स्पष्ट पार्नु वाञ्छनीय हुन्छ ।

सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा समावेश गरिएको सामाजिक सञ्जालसम्बन्धी प्रावधान शायद सबैभन्दा धेरै चर्चा–परिचर्चा गरिएको प्रावधान हुनुपर्छ । विश्वभरि नै सामाजिक सञ्जालको प्रयोग गरेर विद्युतीय रूपमा हुने दुर्व्यवहार, पिछा गर्ने र धाक–धम्की दिने मामिलाहरू अगाडि आइरहेको सन्दर्भमा सामाजिक सञ्जाललाई नियमन गर्ने प्रावधान ल्याउनु स्वागत योग्य कुरा हो । तर प्रस्तुत विधेयकले केही सामाजिक सञ्जाललाई नियमन गर्ने र केहीलाई भने नगर्ने प्रयोजन राखेको देखिन्छ । मुख्य समस्या सामाजिक सञ्जालको परिभाषामा नै रहेको छ – यसको परिभाषाले सामाजिक सञ्जाल भन्नाले कुनै तेस्रो पक्ष वा प्रयोगकर्ताहरूले विकास गरेको अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा भएको प्रणालीलाई बुझाउँदछ । यसको अर्थ, इमेल र सन्देश आदानप्रदान गर्ने मञ्चहरूलाई पनि सामाजिक सञ्जालको परिभाषामा समेटिन्छ । यसका साथै, अनलाइनमा हुने व्यावसायिक अन्तरक्रिया र कुनै व्यावसायिक संस्थाले आफ्नो व्यवसायमा हुने सूचना तथा जानकारीको प्रसारका लागि बनाएको आन्तरिक सफ्टवेयर पनि सामाजिक सञ्जालकै परिभाषाभित्र समेटिन पुग्छ । यस्तो अवस्थामा सामाजिक सञ्जालसम्बन्धी नियामक प्रावधानको प्रयोजन बेइज्जती र सार्वभौमसत्ता तथा राष्ट्रिय एकताविरुद्धका विचार तथा भनाइहरूलाई नियन्त्रण गर्ने हो वा यसको प्रयोजन इमेल तथा सन्देश प्रवाह

गर्ने सेवाबाट हुने व्यक्तिगत कुराकानी, व्यापारिक कारोबार तथा आन्तरिक सफ्टवेयर र/वा तेस्रो पक्षको सेवा मार्फत हुने सञ्चारलाई नियन्त्रण गर्ने हो भन्ने प्रश्न पेचिलो भएर अगाडि आउँछ। यदि यो परिभाषाको औचित्य माथि उल्लेखितमध्ये पहिलो प्रयोजन हो भने, हाल प्रस्ताव गरिएको परिभाषालाई परिवर्तन गरिनु पर्दछ र यदि यसको औचित्य माथि उल्लेखितमध्ये दोस्रो प्रयोजन हो भने यसले संविधान प्रदत्त गोपनीयता तथा वाक स्वतन्त्रताको अधिकारको गम्भीर उल्लंघन गरेको ठहर्छ; अतः दुवै अवस्थामा यो परिभाषालाई परिवर्तन गरिनु पर्दछ।

### ३.१.१ सुझाव

- उपयुक्त तथा सुस्पष्ट परिभाषा
- उत्पत्तिकर्ता तथा मध्यवर्ती संस्था/व्यक्तिलाई दुई भिन्न र निर्दिष्ट पक्षको रूपमा परिभाषित गर्ने,
- डिजिटल र विद्युतीय हस्ताक्षर दुवैका लागि परिभाषा तथा प्रावधान तर्जुमा गर्ने
- सामाजिक सञ्जाललाई अन्तर्राष्ट्रिय स्तरमा विद्यमान तथा सर्वस्वीकार्य रहेका मापदण्डअनुरूप परिभाषित गर्ने

## ३.२. विद्युतीय माध्यमबाट गरिएको करारले कानूनी मान्यता पाउने

| दफा | प्रावधान |
|---|---|
| १० | विद्युतीय माध्यमबाट गरिएको करारले कानूनी मान्यता पाउने र लागू हुने |

यस विधेयकको एक सबैभन्दा प्रशंसनीय विशेषता भनेको विद्युतीय माध्यमबाट सम्पन्न गरिएका करारलाई कानूनी मान्यता प्रदान गर्ने प्रावधान हो । व्यवसायहरूबीच हुने व्यापारिक कारोबारलाई सहजीकरण गर्ने र केही हदसम्म आन्तरिक तथा विदेशी उद्यमहरूबीच हुने करारमा लाग्ने समय तथा लागतलाई घटाउने गरीको यो प्रवाधान स्वागतयोग्य रहेको छ । तथापि, देशको देवानी संहिता तथा अपराध संहिता २०७४मा समावेश गरिएको करारसम्बन्धी प्रचलित प्रावधानले उक्त प्रावधानलाई अदालतमा बहस गर्न योग्य बनाएको छ । विधेयकको अनुसार, करारसम्बन्धी प्रचलित कानून र विधेयकको अधीनमा रही विद्युतीय माध्यमबाट सम्पन्न गरिने करार नेपालमा लागू हुनेछ । तर उक्त प्रावधानले यस्ता कराहरू देवानी संहिता २०७४को दफा ३६(२) अनुरूप दर्ता हुनु पर्ने वा नपर्ने विषयमा स्पष्ट पारेको छैन । यस्तो हुँदा, यदि विद्युतीय माध्यमबाट सम्पन्न गरिने करारलाई वडा कार्यालयमा प्रमाणित गर्नु परेमा विधेयकले विद्यमान प्रावधानको प्रयोजन अर्थात व्यापारको सहजीकरण तथा करार सम्पन्न गर्दा लाग्ने समयको न्यूनीकरण र करार सम्पन्न गर्ने प्रक्रियाको सरलीकरण गर्ने

प्रयोजन स्थापित हुन सक्दैन । यसले व्यापारिक कारोबारलाई न सहजीकरण नै गर्नेछ न व्यवसायमैत्री वातावरणको सिर्जना नै गर्नेछ ।

### ३.२.१ सुझाव

विद्युतीय हस्ताक्षरको प्रयोग गरेर सम्पन्न गरिएका करार लागू हुने गरीको व्यवस्था गर्ने र यस्ता करारलाई प्रमाणीकरण गर्नु पर्ने वा नपर्ने हो, सो विषय स्पष्ट बनाउने ।

## ३.३ सेवा तथा वस्तु उपलब्ध गराउने

| दफा | प्रावधान |
|---|---|
| १५ | इन्टरनेटबाट खरिद गरिएका वस्तु वा मालसमानहरू खरिद गरेकाभन्दा फरक खालको हुनुहुँदैन । |

यस विधेयकले केही हदसम्म अनलाइन व्यवसायलाई नियमन गर्ने प्रयास गरेको छ । विधेयकको दफा १५ले उपभोक्तालाई बिक्रिको अनलाइन करार बमोजिमभन्दा फरक खालको मालसामान वा सेवा उपलब्ध (डेलिभरी) गराउन वा तोकेको समयभन्दा पछि पठाउन नहुने व्यवस्था राखेको छ । यो प्रावधान आफैमा समस्याग्रस्त छैन तर जब

यो प्रावधानलाई परिच्छेद १५को दफा ९५सँगै राखेर अध्ययन गरिन्छ, यो प्रावधान आफैँमा कठोर प्रतीत हुन्छ। दफा ९५ बमोजिम यदि बिक्रि गरिएको सामानभन्दा फरल खालको मालसामान उपलब्ध गराइएमा र तोकेको समयभन्दा पछि उपलब्ध गराइएमा एक लाखसम्मको जरिवाना गराइने प्रावधान उल्लेख गरिएको छ । तर आश्चर्यजनक रूपमा, दफा १५मा मालसामान उपलब्ध गराउने समयलाई प्रभावित बनाउने सक्ने अप्रत्याशित घटना अथार्त गृहयुद्ध, प्राकृतिक प्रकोप जस्ता मानव नियन्त्रणभन्दा बाहिरका पक्षलाई समावेश गरिएको छैन। यस्तो अवस्थामा करारसम्बन्धी नेपालका प्रचलित कानूनले पनि अप्रत्याशित घटनालाई करारबाट सिर्जना हुने दायित्वबाट मुक्त हुन सक्ने माध्यमको रूपमा पहिचान गरेको सन्दर्भमा यस विधेयकले एक लाखसम्मको जरिवारना गरेकोमा कठोर देखिन्छ। विधेयकमा समेटिएको यो प्रावधानले अनलाइन व्यापार गर्ने व्यवसायहरूले उनीहरूको नियन्त्रणभन्दा बाहिरका पक्षहरूको कारण समयमा मालसामान उपलब्ध गराउन नसकेमा पनि सजाय भोग्नु पर्ने गलत नजीर बस्न जान्छ।

साथै, यस प्रावधानले नियमन गर्ने खोजेको विषय मालसामानको बिक्रिको विषय हो जुन देवानी संहिता २०७४मा उल्लेख गरिएको छ यद्यपि संहितामा उल्लेख गरिएको प्रावधानमा इन्टरनेटको प्रयोग गरेर बिक्रि गरिने मालसामानलाई सम्बोधन गरिएको छैन । तसर्थ, सबैभन्दा उत्तम विकल्प माथि उल्लेख गरिएको प्रवाधानलाई मालसामान बिक्रिसम्बन्धी प्रावधानमा नै समावेश गर्नु हो ।

### ३.३.१ सुझाव

इन्टरनेटमा कारोबार गर्दा स्थापित हुने करारका दायित्वबाट मुक्त हुने एक माध्यमको रूपमा अप्रत्याशित घटनालाई पनि समावेश गर्ने ।

## ३.४. विद्युतीय प्रणालीको संरक्षणका लागि डिजाइन गरिएका विद्युतीय उपकरणको प्रयोगका लागि पूर्व अनुमति लिनु पर्ने

| दफा | उप–दफा | खण्ड | प्रावधान |
| --- | --- | --- | --- |
| ८१ | १ | क | विद्युतीय प्रणाली संरक्षणको लागि डिजाइन गरिएको विद्युतीय उपकारण र कसूर जन्य कार्यका लागि प्रयोग हुनसक्ने कुनै पनि सफ्टवेयरको लागि पूर्व अनुमति लिनु पर्ने । |

व्यापारिक प्रतिष्ठान तथा क्लाउड भण्डारण सेवा प्रदायकहरूले उनीहरूको विद्युतीय प्रणालीको सुरक्षाका लागि उपकरणको नियमित प्रयोग गर्दछन् । यस्ता प्रकारका उपकरण प्रयोग गर्दा पूर्व अनुमति लिनु पर्ने प्रावधानको औचित्य थाहा हुन सकेको छैन । कुनै पनि उद्यम सञ्चालन गर्नका लागि आफ्नो विद्युतीय प्रणालीको सुरक्षा गर्न

उपकरण अथार्त एक–आपसका जडान गरिएका विद्युतीय उपकारहरूको प्रयोग गनुपर्ने हुन्छ। यो प्रावधानको प्रयोजन स्पष्ट नभएको हुँदा र यस्ता उपकरण प्रयोग गर्नका लागि प्रयोगकर्ताले प्रयोग गर्ने कारण खुलाई निवदेन दिनुपर्ने हुँदा यसले कर्मचारीतन्त्रजन्य झन्झट मात्रै निम्त्याउने हुँदा यी उपकरणको प्रयोका लागि पूर्व अनुमति लिनु पर्ने प्रावधान तसर्थ आवश्यक छैन ।

साथै, यस प्रावधानले कुनै पनि कसूरजन्य कार्यका लागि प्रयोग हुनसक्ने सफ्टवेयरको प्रयोग गर्दा पूर्व अनुमति लिनु पर्ने व्यवस्था पनि अघि सारेको छ । यसले भाइबर र वाट्सएप जस्ता सन्देश प्रवाह गर्ने सफ्टवेयरको प्रयोगका लागि पनि कतै सरकारी निकायबाट पूर्व अनुमति लिनु पर्ने त होइन भन्ने प्रश्न खडा गर्दछ। भाइबर र वाट्सएप जस्ता सफ्टवेयरको प्रयोग गरेर कसैप्रति दुर्व्यवहार गर्न सकिन्छ र दुर्व्यवहार गर्नु नेपालमा एक अपराध हो, तसर्थ दफा ८१अनुसार यी सफ्टवेयरको प्रयोगका लागि पनि पूर्व अनुमति लिनु पर्ने हुन्छ । नेपालमा ४५ लाख मानिसले भाइबर चलाउँछन्, कि ति सबैले यो सफ्टवेयर चलाउनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट पूर्व अनुमति लिनु पर्ने हो? के मन्त्रालयसँग पूर्व अनुमति लिनु पर्ने ४५ लाख जनताले दिने निवेदन व्यवस्थापन गर्ने क्षमता छ? कुनै पनि उपकरण तथा सफ्टवेयरको प्रयोग प्रयोगकर्तामा निर्भर रहन्छ। यी उपकरण वा सफ्टवेयर जे प्रयोजनका लागि बनाइएको हो सोही प्रयोजनका लागि प्रयोग गरिन सक्छ वा अन्य प्रयोजना

(जस्तै अपराध गर्ने उद्देश्य)ले पनि । प्रत्येक व्यक्तिका लागि विद्युतीय प्रणाली संरक्षणको लागि डिजाइन गरिएको विद्युतीय उपकारण र कसूरजन्य कार्यका लागि प्रयोग हुनसक्ने कुनै पनि सफ्टवेयर (अधिकांश सफ्टवेयर कसूर जन्य प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ, यो कुरा यसको प्रयोगमा निर्भर रहन्छ)को लागि पूर्व अनुमति लिनु पर्ने व्यवस्था लागू गराउँदै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सर्वसाधारण जनताले गर्ने छनौटलाई निन्यन्त्रण गर्ने प्रभावकारी शासन पद्धतिको सिर्जना गरेको छ । यसका लागि निश्चित वर्गीकरणको साटो एक सामान्य वर्गीकरण प्रस्तुत गरिएकाले पनि यसमा समस्या रहेको छ । शायद यस विधेयकको मातहतमा तर्जुमा गरिने नियमावलीमा यस विषयमा थप स्पष्टता उपलब्ध गराइने छ भनी अपेक्षा गरिएको छ ।

### ३.४.१ सुझाव

सफ्टवेयरको प्रयोगका लागि अनिवार्य रूपमा पूर्व अनुमति लिनु पर्ने प्रावधानको साटो यस्ता सफ्टवेयर र उपकरणको प्रयोग गरेर हुने कसूरजन्य घटनालाई प्रचलित कानून बमोजिम सजाय दिने प्रावधान राख्नु उपयुक्त हुन्छ ।

## ३.५ अश्लिल सामग्रीको उत्पादन, संकलन, वितरण, प्रकाशन र प्रसार गर्न प्रतिबन्ध

| दफा | प्रावधान |
|---|---|
| ८६ | अश्लिल सामग्रीको उत्पादन, संकलन, वितरण, प्रकाशन र प्रसार गर्न प्रतिबन्ध |

केही हदसम्म, अश्लिल सामग्रीको उत्पादन, वितरण, संकलन तथा प्रसार प्रतिको प्रतिबन्धको औचित्य पुष्टि गर्न सकिन्छ, तर यस्तो औचित्य त्यति बेला मात्रै पुष्टि हुन्छ जब अश्लिल भनेर प्रतिबन्ध लगाइएको सामग्रीहरूलाई समाज र सर्वसाधारणले पनि अश्लिल नै ठहऱ्याउँछन्। माथि उल्लिखित प्रावधानको प्रयोजन अश्लिल गतिविधिलाई नियन्त्रण गर्ने हो तर विगतको एक दशकमा नेपालमा केलाई अश्लिल भन्ने र केलाई नभन्ने विषयमा नेपाली समाजले ठूलो फड्को मारिसकेको कुरा नीतिनिर्मार्ताहरूले बुझ्न सकेको जस्तो देखिदैन । साथै, नेपालको संविधानले कुनै पनि प्रकारको पेशा गर्ने स्वतन्त्रता दिएको छ र यहाँ उल्लेखित प्रतिबन्ध तथा तजबिजीको आधारमा कुनै पनि पेशालाई अश्लिल भनेर प्रतिबन्ध लगाउनका लागि कानूनी आधार प्रदान गर्नाले यसले नेपालको संविधान २०७२मा समावेश गरिएका संवैधानिक अधिकारलाई उल्लंघन गर्दछ ।

एक प्रभावकारी कानून सुस्पष्ट र निर्दिष्ट हुनुपर्दछ, अस्पष्ट होइन; माथि चर्चा गरिएको प्रावधानको आ–आफ्नै तरिकाले व्याख्या गर्न सकिन्छ किनभने कस्तो कुरालाई अश्लिल ठहऱ्याउने भन्ने विषय परिभाषित गरिएको छैन। समाजको सामाजिक–राजनीतिक अवस्था परिवर्तन हुँदै सन्दर्भमा, लागू तथा प्रस्ताव गरिएका कानूनले सामाजिक तथा व्यक्तिगत सोचाइमा आएको परिवर्नत तथा फड्कोलाई सम्बोधन गर्नबाट चुकेका छन्।

अश्लिलताको परिभाषा नभएको अवस्थामा, यस विधेयकमा प्रस्ताव गरिएको प्रावधानले सरकार र यसका निकायलाई कुनै पनि प्रकारका तस्वीर, चलचित्र, भिडियो क्लिप, आदिउपर प्रतिबन्ध लगाउने तजबिजीको अधिकार उपलब्ध गराउँछ। उदाहारका लागि, यस्तो प्रावधानले केही यौनिक विषयवस्तु भएका चलचित्रलाई सिनेमाघरमा अश्लिल भएको कारण देखाउँदै चलाउन रोक लगाउन सक्छ। यस्ता प्रावधानले व्यक्तिहरूलाई मात्रै प्रभाव पार्ने नभएर कुनै प्रकारको यौनिक विषयवस्तु भएको आधारमा आफ्नो चलचित्रलाई कहिल्यै प्रदर्शन गर्न नपाउने गरी चलचित्र निर्माता कम्पनीलाई वा ठूलो रकम तिरेर ल्याएको चलचित्र प्रदर्शन गर्न नपाउने गरी सिनेमाघरलाई प्रभाव पार्न सक्छ, फगत अश्लिलताको नाममा जुन नियामक निकायले गर्ने व्याख्यामा निर्भर रहन्छ। यस्ता तजबिजीका अधिकारहरू नियामक निकायलाई कहिल्यै प्रदान गरिनु हुँदैन, यसको सामान्य कारण भनेको यस्तो अधिकार प्रदान गर्दा सरकार निरंकुश बन्न पुग्छ र लोकतन्त्रका सबै विशेषताहरू हराउन थाल्छ।

#### ३.५.१. सुझाव

- अश्लिल गतिविधिको एक चलायमान (अपूर्ण) सूची उपलब्ध गराउने
- यसरी प्रस्तुत गरिने सूचीमा कुनै नयाँ विषय राख्दा अश्लिल हो वा होइन भनेर निर्णय गर्ने अधिकार न्यायालयलाई प्रदान गर्ने ।

## ३.६ सेवा प्रदायकको दायित्व

| दफा | उपदफा | खण्ड | प्रावधान |
|---|---|---|---|
| ८९ | | | प्रचलित कानून उल्लंघन हुने गरी कुनै पनि सूचना प्रसार गरिएमा सेवा प्रदायकको दायित्व रहने |

दर्ता गरिएको यस विधेयकले सेवा प्रदायकलाई फौजदारी दायित्वबाट मुक्त गराएको छ। उक्त प्रावधानका अनुसार, यदि सेवा प्रदायकले सूचनाको प्रवाह गर्ने गरीको तेस्रो पक्षको रूपमा मात्रै काम गरेको खण्डमा, सेवा प्रदायकलाई दायित्व पर्ने छैन। यसले उत्पत्तिकर्ता तथा मध्यवर्तीलाई भिन्न भिन्न पक्ष रूपमा परिभाषा नगर्दा भएको गल्तीलाई केही हदसम्म सच्याउने प्रयास गरेको छ।

फौजदारी दायित्वबाट मुक्त हुने शर्तको सूची उपलब्ध गराइएको भएता पनि यस विधेयकले एक आश्चर्यजनक शर्तमार्फत् प्रदान गरिएको छुटलाई अवमूल्यन गरेको छ। दफा ८९ बमोजिम यदि कुनै सेवाप्रदायकले तेस्रो पक्षको रूपमा कार्य गरिरहेको खण्डमा फौजदारी दायित्वबाट मुक्त हुने कुरा उल्लेख छ तर सोही दफाको प्रतिवन्धात्मक व्यख्यांशले यदि सेवा प्रदायक तेस्रो पक्ष तथा सूचना प्रसार गर्ने निकायको रूपमा कार्यरत रहँदा यदि प्रसार गरिएका सूचनाहरूले प्रचलित कानूनको उल्लंघन गरेमा उक्त सेवाप्रदायकले फौजदारी दायित्व व्यर्होनु पर्ने उल्लेख छ।

सेवाप्रदायकहरूले प्रसार गर्ने सूचनाको परिमाण ठूलो हुने भएकाले यो प्रावधान समस्या निम्त्याउँछ। यस प्रावधानले सूचना प्रसार गर्दा थप सर्तक हुनुपर्ने र शायद सूचनाको जाँच पनि गर्नुपर्ने अवस्थाको सिर्जना गराउँदछ, जुन आफैँमा सम्भव छैन। बरु यो शर्त यस विधेयकमा कसरी समेटियो भन्ने विषय आश्चर्यजनक रहेको छ र यदि यो प्रावधानको संसोधन गरिएन भने, यसको नकारात्मक प्रभाव प्रशस्तै हुनेछन्।

**३.६.१ सुझाव**

उक्त शर्त हटाउने

## ३.७ सामाजिक सञ्जाल चलाउने कम्पनीहरूको अनिवार्य दर्ता

| दफा | उपदफा | खण्ड | प्रावधान |
|---|---|---|---|
| ९१ | १, २, ३ | | नयाँ र हाल सञ्चालनमा रहेका सामाजिक सञ्जाल कम्पनीहरूको अनिवार्य दर्ता |

धेरै देशहरूले सामाजिम सञ्जाल सञ्चालन गर्ने कम्पनीहरूलाई कर लगाउने कानून लागू गरेका छन् । करबाट संकलन हुने राजश्व नै आयको प्रमुख स्रोत भएका धेरै विकासशील र अल्प विकसित मुलुकका लागि यसरी कर लगाउनुको औचित्य पुष्टि गर्न सकिन्छ । दर्ता भएको विधेयकको उद्देश्य पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रीले धेरै मञ्चहरूमा बताए जस्तै नेपालमा उल्लेख्य आय कमाइरहेका सामाजिक सञ्जाल कम्पनीहरूलाई करको दायरामा ल्याउने नै हो । तर यहाँ कर लगाउनका लागि दर्ता गरिरहनु पर्दैन भन्ने तथ्य मनन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय चुकेको जस्तो देखिन्छ । यस्ता कम्पनीको दर्ताले विभन्न समस्याहरू आउँछन्, उदाहरणका लागि यस्ता सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरूले दर्ता गर्नका लागि नेपालमा कार्यालय स्थापना गर्नुपर्न कि नपर्ने हो वा यस्ता कम्पनीहरूले समान कानूनी मान्यता पाउनका लागि नेपाली कम्पनीमा लगानी गर्नुपर्ने हो भन्ने विषय स्पष्ट पारिएको छैन ।

कम्पनी दर्तासँग सम्बन्धित प्रचलित कानूनहरू – कम्पनी ऐन २०६३, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७४, र औद्योगिक व्यवसाय ऐन २०७३ले विदेशी कम्पनीलाई नेपालमा उक्त कम्पनीको सहायक कम्पनी सञ्चालनमा आएमा वा प्रत्यक्ष वैदेशिक लगानी अथवा नेपाली र विदेशी कम्पनीबीचको संयुक्त लगानी (joint venture) को रूपमा कुनै नेपाली कम्पनीमा लगानी गरेमा मात्रै वैदेशिक कम्पनी नेपालमा दर्ता हुन सक्ने प्रावधान अघि सारेका छन् । माथि उल्लेखित प्रावधानअनुसार सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरूलाई दर्ता हुन अनिवार्यता सिर्जना गर्दा यसले वास्तविकतमा भिन्न परिणाम ल्याउन सक्छ, नेपालीहरू अभ्यस्त भईसकेका सेवाहरू उनीले पूर्ण रूपमा बन्द गर्न सक्छन् वा भविष्यमा पनि नेपालमा सेवा प्रदान गर्नका लागि सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरू हतोत्साही हुन सक्छन् तसर्थ दर्ता गर्नका लागि के आवश्यक छन् भन्ने विषयमा स्पष्टीकरण आवश्यक रहेको छ ।

ठूलो समस्या भने सामाजिक सञ्जालको परिभाषामा नै रहेको छ। माथि उल्लेख गरिए झैँ, सामाजिक सञ्जालसम्बन्धी प्रावधान गिमेल, हटमेल, भाइबर, वाट्सएप, फेसबुक, गुगल, वाइर, लाइन, ट्वीटरजस्ता अन्य धेरै तेस्रो पक्षीय सेवा प्रदायकहरूका लागि पनि आकर्षित हुन्छ । यसका साथै, हालको विधेयकले सामाजिक सञ्जालको परिभाषमा पर्ने असङ्ख्य कम्पनीहरूको दर्ता तथा नियमन गर्नका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग आवश्यक मानव संसाधनको पनि सुनिश्चितता गर्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

### ३.७.१. सुझाव

यसका लागि अझ राम्रो उपाय भनेको कम्पनीहरूको दर्ता गर्नुभन्दा उनीहरूलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउनु हुन्छ (बङ्गलादेशी सरकारले लागू गरेको पद्धतिजस्तै)। यसको अर्थ, भौतिक उपस्थिति बिना नै कम्पतीको दर्ता गर्न मिल्ने गरी मूल्य अभिवृद्धि करसँग सम्बन्धित कानूनलाई संसोधन गर्ने। अर्को उपाय भनेको यूरोपियन यूनियनलेले सुझाव दिएको पद्धति हो जसमा कम्पनी जुनसुकै मुलुकमा दर्ता भएता पनि जुन देशमा उल्लेखनीय मात्रामा प्रयोगकर्तासँग अन्तरक्रिया हुन्छ सोही देशमा मुनाफा तथा कर दर्ता गर्ने। करको मामिलामा नेपाल र भारतले एउटै समस्या भोगिरहेका छन् – दुवै देशमा दर्तामार्फत् हुने भौतिक उपस्थिति भएका कम्पनीहरूलाई मात्रै कर लगाउन पाइन्छ। यसका लागि सबैभन्द उत्तम उपाय भनेको यूरोपियन यूनियनले सुझाएजस्तै भौतिक उपस्थिति भन्दा पनि उपभोक्तासँग हुने अन्तरक्रियाको आधारमा कर लगाउने गरी प्रचलित करसम्बन्धी कानूनलाई संसोधन गर्नु हो। यसले नेपाल सरकार लाभप्रद राजस्वबाट विमुख पनि हुनु पर्दैन र यसबाट नेपालका नीतिहरू विदेशी कम्पनीमैत्री हुने र हाम्रा लागि आवश्यक रहेका विदेशी कम्पनीहरूलाई नेपालमा आकर्षित गर्ने नीति पनि कायम हुन्छ।

| क्रस | दफा | उपदफा | खण्ड | प्रावधान | समस्या | सुझाव |
|---|---|---|---|---|---|---|
| १) | २ | (ग) | २ | उत्पत्तिकर्ता भन्नाले विद्युतीय अभिलेख उत्नन्न गर्ने, भण्डारण गर्ने वा सम्प्रेषण गर्ने व्यक्ति सम्झनु पर्दछ । | परिभाषाले उत्पत्तिकर्ता र मध्यवर्ती निकायका बीच भिन्नता पहिचान गर्न चुकेको छ र मध्यवर्तीलाई पनि उत्पत्तिकर्ताको रूपमा व्याख्या गर्न सकिन्छ । | उत्पत्तिकर्तामा मध्यवर्ती निकायहरू समावेश छैन भनेर स्पष्ट रूपमा राख्ने र भारतमा गरिएजस्तै मध्यवर्ती निकायको स्पष्ट परिभाषा प्रदान गर्ने । |
| २) | २ | (ज) | २ | डिजिटल हस्ताक्षर भन्नाले दफा १६को उप–दफा बमोजिमको हस्ताक्षर सम्झनु पर्नेछ । | विद्युतीय र डिजिटल हस्ताक्षरबीचको भिन्नता पहिचान गर्न चुकेको । | विद्युतीय र डिजिटल हस्ताक्षर दुवैको परिभाषा गर्ने र प्रत्येक प्रकारको हस्ताक्षर प्रयोग हुने प्रयोजनको व्याख्या गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३) | २ | (म) | २ | सामाजिक सञ्जाल भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधासमेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित प्रणालीलाई सम्झनु पर्दछ । | यस परिभाषामा विभिन्न प्रकारका सन्देश प्रवाह गर्ने मञ्चका साथै आन्तरिक सञ्चारका लागि व्यवसायहरूले डिजाइन गरेका व्यापारिक सफ्टवेयरहरू पनि पर्दछन् । | सामाजिक सञ्जालमा अन्तक्रियात्मक व्यापारिक सञ्चारका साधनहरू पर्दैनन् भनेर अष्ट्रेलियामा गरिए जसरी स्पष्ट बनाउने र सामाजिक सञ्जाललाई वर्गीकरण गर्ने सवालमा थप निर्दिष्ट हुने गरी परिभाषालाई परिवर्तन गर्ने । |
| ४) | १० | | | विद्युतीय माध्यमबाट गरिएको करारले कानूनी मान्यता पाउने र लागू हुने | डिजिटल हस्ताक्षरले प्रमाणित गरिएका करारले कानूनी मान्यता पाउँदा यसले नेपालका प्रचलित कानून एक–अर्कासँग बाझिन्छन् जसले | यस्ता करारहरूलाई थप प्रमाणित गरिनु पर्छ वा पर्दैन भन्ने विषयमा स्पष्ट पार्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | अनिश्चितता निम्त्याउँछ र यस्ता करारहरूलाई थप प्रमाणित गरिनु पर्छ वा पर्दैन भन्ने विषयमा स्पष्ट छैन । | |
| ५) | १५ | | | इन्टरनेटबाट खरिद गरिएका वस्तु वा मालसमानहरू खरिद गरेकाभन्दा फरक खालको हुनुहुँदैन । | अप्रत्याशित घटनाको अवस्थामा करारको दायित्वबाट मुक्त हुने प्रावधान समावेश नभएको | दफा ९५ बमोजिमको तोकेको समयमा वस्तु वा सामान उपलब्ध गराउन नसक्दा हुने जरिवाना र करारको दायित्वबाट मुक्त हुने सम्बन्धमा अप्रत्याशित घटनाको सिद्धान्तलाई समावेश गर्ने । |
| ६) | ८१ | १ | क | विद्युतीय प्रणाली संरक्षणको लागि डिजाइन गरिएको विद्युतीय उपकारण र कसूरजन्य कार्यका लागि प्रयोग हुनसक्ने कुनै पनि सफ्टवेयरको लागि पूर्व अनुमति लिनु पर्ने । | अपराध रोक्ने भन्दा पनि आवश्यक रहेका उपकरणको दर्ताले अनावश्यक कर्मचारीतन्त्रजन्य झन्झट निम्त्याउँछ । | अनिवार्य रूपमा पूर्व अनुमति लिने व्यवस्थाभन्दा पनि विद्युतीय उपकरण तथा सफ्टवेयरबाट हुने कसूरलाई सजाय दिने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७) | ८६ | | | अश्लिल सामग्रीको उत्पादन, संकलन, वितरण, प्रकाशन र प्रसार गर्न प्रतिबन्ध | अश्लिल सामग्रीको परिभाषा गर्न चुकेको र नियामक निकायलाई तजबिजीको अधिकार प्रदान गरेको । | अश्लिल गतिविधि ठहरिने गतिविधिका लागि सूची प्रदान गर्ने र उक्त सूचीमा समावेश नभएका कुनै पनि गतिविधि अश्लिल हो वा होइन भन्ने विषयमा निर्णय लिने अधिकार न्यायपालिकालाई प्रदान गर्ने । |
| ८) | ८९ | | क | प्रचलित कानून उल्लंघन हुने गरी कुनै पनि सूचना प्रसार गरिएमा सेवा प्रदायकको दायित्व रहने । | सेवा प्रदायकलाई फौजदारी दायित्वबाट मुक्त बनाइने प्रावधानको विपरीत । | उक्त शर्तलाई हटाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९) | ९१ | १, २, ३ | | नयाँ र हाल सञ्चालनमा रहेका सामाजिक सञ्जाल कम्पनीहरूको अनिवार्य दर्ता | सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरू प्रचलिच कानूनअनुसार दर्ता हुनुपर्ने अथार्त सहायक कम्पनीमार्फत् वा प्रत्यक्ष वैदेशिक लगानी अथवा नेपाली र विदेशी कम्पनीबीचको संयुक्त लगानी (joint venture) को रूपमा कुनै नेपाली कम्पनीमा लगानी गरेर दर्ता हुनुपर्ने वा दर्ता हुनका लागि यस्ता पूर्वशर्तहरू आवश्यक नहुने भन्ने विषयमा प्रावधान स्पष्ट नरहेको । | नेपालको सीमानाभित्र भौतिक उपस्थितिभन्दा पनि उपभोक्तासँग हुने अन्तरक्रियाको आधारमा सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरूलाई कर लगाउने । |